## छलफल तथा निर्णयहरू

# (आब. २०७३।०७४ को लागी नीति मार्गदर्शन तथा बजेट सिलिङ)

निर्णय नं. १

१ आवधिक जिल्ला विकास योजनाको लक्ष्य, उद्धेश्य, रणनीति तथा सूचकहरूसंग तालमेल हुने गरी र नेपाल सरकारबाट प्राप्त मार्गदर्शनलाई समेत पालन गरी योजना बनाउने ।

२ जिल्लाको पूर्वाधार निर्माणको पहिलो प्राथमिकतामा परेको सडक निर्माण गर्दा सडक संजालले जोड्न बाँकी गाविसलाई प्राथमिकता दिदै नयाँ ट्र्याक खोल्ने कार्यलाई कम प्राथमिकता दिने र ट्र्याक खुलाई सकिएको बाटोको मर्मत संभार, बनावटको काममा प्राथमिकता दिई सवारी साधन सूचारू गर्ने गरी बजेट बाँडफाड गरी कार्य गर्ने ।

३ निर्माणाधिन सडकहरूको मर्मत संभारको लागि मर्मत संभार कोष सञ्चालनको लागि कार्यविधि वनाउने। मर्मत संभारको लागि उपभोक्ता समिति नै मुख्य जिम्मेवारी भएकोले उपभोक्ता समितिलाई क्रियाशिल गराउने र १ करोड र सो भन्दा वढी बजेट लागत लाग्ने सडक निर्माण गर्दा अनुमानित लागतमा नै बजेटको कम्तीमा ५ प्रतिशत रकम मर्मत संभारको लागि समाबेश गरी मर्मत संभार कोषको खातामा राख्ने वर्तमान नीतिलाई निरन्तरता दिने ।

४ सडक निर्माणको नयाँ ट्र्याक खोल्नको लागि लागत अनुमान तयार गर्दा विनियोजित बजेटमा नै निश्चित रकम बाताबरण संरक्षणमा विनियोजन गर्नु पर्ने छ।

५ जिल्लाका रू ५ लाख भन्दा धेरै लागत लाग्ने ठूला सडकलाई मात्र जिविसले वजेट विनियोजन गर्ने भएकोले सो भन्दा साना योजनाहरूको मर्मत संभारमा गाविसले विशेष ध्यान दिनुपर्ने ।

६ जिल्ला सडक गुरूयोजना (DTMP) को उच्च प्राथमिकतामा परेका सडकहरूको छनौट तथा निर्माणमा प्राथमिकता दिने।

७ सडक निर्माण गर्दा खानेपानी, सिंचाइ तथा अन्य पूर्वाधार योजनाहरूमा क्षति पुऱ्याएको अवस्थामा सोही योजना निर्माण गर्ने निकाय बाट नै पुनः निर्माण वा मर्मत गर्नु पर्ने।

८ नविकरणीय वैकल्पिक उर्जा कार्यक्रमलाई प्रभावकारी वनाउन सकृय रूपमा कार्य आगाडी वढाउने।

९ सडक निर्माण गर्दा डोजर प्रयोगलाई निरूत्साहीत गर्ने, प्राविधिक दृष्टिकोणबाट डोजर प्रयोग गर्नु पर्ने भएमा जिविस प्राविधिक समितिको स्वीकृत लिएर मात्र डोजर, स्काभेटरको नर्म्स अनुसार लागत अनुमान तयार गरेर मात्र प्रयोग गर्ने

१० सडक निर्माण गर्न डोजर, स्काभेटर प्रयोग गर्दा जिल्ला वन कार्यालय सँगको समन्वयमा कार्य गर्ने गरी योजना बनाउने।

११ प्यूठान जिल्लालाई सरसफाई यूक्त वनाउन पूर्ण आनीवानीमा परिवर्तन ल्याउने कार्यलाई सन २०१३ देखी सुरू गरी सन २०१७ सम्म परिबर्तनको २१ वुँदे प्रतिवद्धतालाई सहयोग पुग्ने गरी जिल्लामा खानेपानी तथा सरसफाई सम्बन्धी योजना संचालन गर्न सवै निकायले अनिबार्य रूपमा सरसफाई कार्यक्रम संचालन गरी पूर्णसरसफाईको आनीबानीमा परिवर्तन गर्न आम जिल्ला वासीहरूलाई सक्रिय बनाउने।

१२ स्थानीय निकायले खानेपानी तथा सरसफाईको लागि प्राप्त बजेटका अलवा अनुदान रकमको केही रकम सरसफाईका क्षेत्रमा विनियोजन गरी उपभोक्ताहरूले नै मर्मत संभार एवं सरसफाई गर्ने । उक्त रकम DWASHCC ले गरेको निर्देशन, विधी बमोजिम खानेपानी तथा सरसफाईको क्षेत्रमा

खर्च गर्ने र यसरी खर्च गर्दा सम्पूर्ण घरधुरीलाई सरसफाईमा पूर्ण आनीवानीमा परिवर्तन गर्नेतर्फ उन्मुख गराउने र भएको खर्चको लेखा परिक्षण गराउनु पर्ने ।

१३ खानेपानी तथा सरसफाई मर्मत संभारकोष स्थापना गरी योजनामा विनियोजन भएको रकमको निश्चित रकम मर्मत संभार कोषमा जम्मा गरी खर्च गर्ने ब्यवस्था गर्ने ।

१४ स्थानीय निकायमा जाने अनुदान रकम MCPM संग आवद्ध गरिएकोले MC/PM का सूचकलाई ध्यान दिई बार्षिक कार्यक्रम तयार गर्ने ।

१५ विकासका साझेदारी निकाय, संघ संस्थाहरूसंग भएको सहमति अनुसार सम्पूरक कोष (Matching Fund) विनियोजन गरेर मात्र स्थानीय निकायको अनुदान बजेट बांडफाड गर्ने ।

१६ विगत आर्थिक वर्षहरूमा संचालन भएका क्रमागत योजनालाई आवश्यकताका आधारमा थप प्राथमिकता दिने।

१७ शान्ती, पूननिर्माण तथा पुर्नस्थापना संग सम्वन्धीत कार्यक्रमहरूलाई विशेष ध्यान दिने ।

१८ बजेट सिमाभित्र रही यथार्थपरक रूपमा बजेट अनुमान गरी बजेट बाँडफाँड गर्ने।

१९ प्राकृतिक प्रकोप नियन्त्रण, वातावरण संरक्षण, जलवायु परिवर्तन तथा अनुकुलन र वातावरण मैत्रि स्थानीय शासन प्रारूपका सूचकहरूसँग तालमेल हुने योजनाहरूलाई प्राथमीकता दिने । यससँग सम्बन्धित जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

२० जिल्लाको एकिकृत जिल्ला विकास योजना तयार गर्ने कार्यका लागि सम्वन्धित विषयगत कार्यालय, गैर सरकारी संस्था तथा विकासका साझेदार निकायहरूले आफ्नो बिषयगत क्षेत्र अनुसारको एकीकृत कार्यक्रम तयार गरी जिल्ला परिषद एवं वार्षिक समिक्षा गोष्ठीमा प्रस्तुत गर्ने ।

२१ जिल्लामा पर्यटकहरूलाई भित्र्याउन पर्यटन गूरू योजनाले लक्षित गरेको प्रबर्द्धन हुने कार्यलाई लक्षित गरी कार्यक्रम संचालन गर्न बजेट विनियोजन गर्ने ।

२२ जि.वि.स.बाट सञ्चालन गरिने रू ५ लाख भन्दा कमका पूर्वाधारजन्य योजनाहरू संचालनको लागी गाविसलाई जिविसले सिधै अनुदान उपलब्ध गराउने।

२३ स्थानीय निकायको आन्तरिक श्रोत संकलनमा वर्तमान ब्यवस्थालाई निरन्तरता दिने र राजश्व बाँडफाँडबाट प्राप्त रकम मध्ये नियम अनुसार हुने रकम सम्बन्धित क्षेत्रमा खर्च गर्ने ।

२४ सबै निकायले क्षेत्रगत र एकिकृत रूपमा कार्यक्रम बजेट बनाउने र सोही अनुसार प्रगति समिक्षामा पेश गर्ने ।

२५ कृषि तथा पशुसेवा लगायत आय आर्जन क्षेत्रका कार्यक्रमहरू तयार गर्दा ब्यबसायमूलक र बजारको माग र आपूर्तिको अवस्थालाई ध्यान दिई कार्यक्रम तयार गर्ने ।

२६ खाद्य सुरक्षा अनुकुल योजना निर्माण गर्ने।

२७ जिल्लाको क्षमता विकास योजना बमोजिम क्षमता विकास सम्बन्धी योजनाहरू संचालन गर्ने ।

२८ उपभोक्ता तथा ठेक्कापट्टाबाट हुने निर्माण कार्यको अन्तिम किस्ता रकम भूक्तानी दिँदा सार्वजनिक परिक्षण र सम्वन्धित योजनाको अनुगमन तथा सुपरिवेक्षण समितिको सिफारिसलाई अनिवार्य गर्ने ।

२९ गाविस तहमा योजना निमार्ण गर्दा बस्तीस्तर हुँदै वडा नागरिक मञ्चबाट प्राथमिकरण भइ आएका योजनालाई प्राथमिकता दिई गाउँ विकास योजनामा समाबेश गर्ने नीतिलाई निरन्तरता दिने ।

३० उपभोक्ता समितिले गर्ने आयोजना/योजनाको निर्माण कार्य उपभोक्ता समितिले ठेक्काद्वारा गर्ने गराइने गरेको पाइएमा यस्तो उपभोक्ता समितिका पदाधिकारीहरूलाई कम्तिमा ३ वर्ष कुनै पनि सार्वजनिक समितिमा नराख्ने ब्यवस्थालाई अगाडी वढाइ यस प्रकारको कार्यलाई पूर्ण निरूत्साहित गर्ने ।

३१ युवा परिचालन, खेलकुद विकास, स्थानीय संस्कृतीहरूको संरक्षण र सम्बर्द्धन गर्ने योजनामा बजेट विनियोजन गर्दा व्यवस्थित एवं न्यायिक अनुपातमा गर्ने व्यवस्था मिलाउने ।

३२ स्थानीय निकायबाट लक्षित विकास कार्यक्रम तर्फको कम्तिमा ३५ प्रतिशत बजेट विनियोजन गर्दा निर्देशिका बमोजिम सबै क्षेत्रमा पूर्वाधार, शिप विकास, क्षमता विकास, सशक्तिकरण, संस्थागत विकासलाई अनिबार्य रूपमा समावेश गरी बजेट तथा कार्यक्रम बनाउने र वालमैत्री कार्यक्रमको राष्ट्रिय कार्यविधि तथा रणनिति बमोजिम स्थानीय निकायले वालवालिका उत्थानको लागि कम्तिमा १५ प्रतिशत रकम विनियोजन गरी कार्यक्रम तयार गर्ने ।

३३ सन् २०२० सम्ममा प्यूठान जिल्लालाई वाल मैत्रि जिल्लाको रूपमा घोषणा गर्न जिल्ला स्तरीय सारोकारवालहरूको साझा प्रतिवद्धतालाई निश्चित कार्ययोजना बनाई कार्यान्वयन गर्न स्थानीय निकाय, विषयगत कार्यालय र संघ संस्थाहरू बालमैत्री स्थानीय शासनका सूचक एवं तहगत खुडकीला बमोजिम कार्यक्रम बजेट निर्माण गर्ने र बालबालिका सम्बन्धी कार्यक्रम बनाउँदा बाल भेलाबाट सिफारिस भएका योजनाहरूलाई विशेष प्राथमिकता दिइ छनौट गर्ने ।

३४ गा.वि.स.,न.पा.ले आवधिक योजना निर्माण गर्दा पार्श्वचित्र तयार गरि बार्षिक योजना निर्माण गरी बजेट व्यवस्थापन गर्ने ।

३५ जिवन उपयोगी गुणस्तरीय तथा प्राविधिक शिक्षामा प्राथमिकता दिने ।

३६ वाल वालिका र विद्यालयलाई शान्ति क्षेत्रको रूपमा लिन सवैले जोड दिने ।

३७ सवै विद्यालयहरूमा पिउने पानीको परिक्षण र सोको आवश्यक व्यवस्थापन गर्ने।

३८ वालवालिका तथा लैंगिक हिंसा न्यूनीकरण गर्ने कार्यलाई सामाजिक परिचालन सँग आवद्ध गरी कार्यक्रम संचालनमा प्राथमिकता दिने ।

३९ सामाजिक समावेशी तथा लैंगिक उत्तरदायी वजेट तर्जुमा गर्न प्राथमिकता दिने ।

४० वालवालिकाहरूको पोषणको स्थिती कमजोर देखिएकोले कुपोषण हटाउने प्रकारका कार्यक्रम तयार गर्न प्राथमिकता दिने ।

४१ पूर्णखोप सुनिश्चित भएको जिल्लालाई निरन्तरता दिनको लागि स्थानीय निकाय, सम्वन्धित विषयगत कार्यालय, गै.स.स. पत्रकार तथा सञ्चार माध्यम सवै सरोकार पक्षले प्राथमिकतासाथ जोड दिनुपर्ने ।

४२ स्थानीय निकायवाट विनियोजन गरिने कृषि क्षेत्रको रकम खर्च गर्दा सम्वन्धित निकायसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने ।

४३ स्थानीय निकायले परिषदवाट केही प्रतिशत रकम विपत व्यवस्थापन तथा आकस्मिक कोषको रूपमा व्यवस्था गर्ने ।

४४ जलबायू परिवर्तनको असर र प्रभाव कम गर्न जलवायू परिवर्तन अनुकुलन योजना निर्माण गरी कार्यक्रम तय गर्न समेत विशेष ध्यान दिने ।

४५ भूकम्प प्रतिरोधात्मक पूर्वाधार निर्माणमा जोड दिने र नगरपालीका क्षेत्र भित्र भवन निर्माण गर्दा अनिवार्य रूपमा पालना गर्ने साथै गाविसहरूमा समेत जनचेतना फैलाउन प्रोत्साहन गर्ने ।

४६ उपभोक्ता समितिबाट काम गराउदाँ अनिवार्य रूपमा सार्वजानीक लेखापरिक्षण गर्ने कार्यलाई प्रथामिकता दिने ।

४७ शुसासनको प्रत्याभुति अनुरूप आय व्यय र भौतिक प्रगति विवरण मासिक, चौमासिक र बार्षिक रूपमा सम्वन्धित स्थानीय निकायमा सवैले देखिने गरि सार्वजानिक गर्ने कार्यलाई निरन्तरता दिने ।

४८ स्वीकृत कार्यक्रमहरू आर्थिक वर्षको जेष्ठ १५ गतेभित्र सम्पन्न गरी असार २०गते भित्र सार्वजानीक लेखा परिक्षण गराई असार मसान्तभित्र जाचँपास र फरफारक गर्ने कार्यलाई निरन्तरता दिने ।

४९ बर्षिक कार्यक्रम र वजेट तर्जुमा गर्दा केन्द्र र जि.वि.स.बाट प्राप्त रकम र आन्तिरिक आम्दानीबाट प्राप्त हुने रकमलाई समेत समावेश गरी बार्षिक वजेट तथा कार्यक्रम तोकिए वमोजिम स्वीकृत गर्ने कार्यलाई निरन्तरता दिने ।

५० स्थानीय निकाय अनुदानको पूँजिगततर्फ विनियोजित रकमवाट कार्यक्रम तर्जुमा गर्दा महिलाहरूको सशक्तिकरण, क्षमता विकास, वालबालिकाको हित र कल्याण, दलितवर्गको मुलप्रवाहिकरण, आदिवासी जनजाती उत्थान, अशक्त र अपाङ्गहरूको हित र कल्याण सम्बन्धी आयोजनाहरूमा स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा व्यवस्था भए अनुसारको कार्यक्रम सञ्चालन गर्ने कार्यलाई जोड दिने । निर्माणका काममा सकेसम्म स्थानीय श्रम प्रयोग हुने प्रविधिलाई जोड दिने र कार्यक्रमको सञ्चलान र मर्मत संभारको कार्य समुदायबाट नै गर्ने कार्यको सुरूवात गर्ने ।

५१ अनुत्पादक चालु खर्चमा नियन्त्रण गर्दै पूँजिगत खर्चमा बृद्धि गरी उपलब्ध स्रोत साधनलाई विवेकशिल ढङ्गवाट उत्पादनशिल क्षेत्रमा खर्च हुने व्यवस्था मिलाउने कार्यलाई जोड दिईने ।

५२ स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कर्याविधि २०६९ ले निषेध गरेको क्षेत्रमा रकम खर्च नगर्ने कार्यलाई कडाइका साथ पालना गर्ने ।

५३ स्वीकृत सहभागितामूलक योजना तर्जुमा प्रक्रियाबाट छनौट भएका योजना तथा कार्यक्रमलाई मात्र प्राथमिकता दिने साथै जिल्ला तथा गा.वि.स.को वजेट अवण्डा राख्ने परम्पारागत शैलिको अन्त्य गर्ने कार्यलाई निरन्तरता दिने ।

५४ जिल्लामा स्थानीय निकायको परिषदवाट स्वीकृत नभएका योजनाहरू विभिन्न सेवा प्रदायकहरूवाट आवश्यकताको पहिचान नगरी निवेदनको आधारमा विभिन्न योजनाहरूमा वजेट विनियोजन गरी खर्च गर्ने परिपाटीलाई निरूत्साहित गर्ने ।

५५ जिल्लाको आन्तिरक आयको बृद्धि गर्नका लागि राजस्व संभाव्यता अध्यनन गरी आयश्रोत बृद्धिका लागि जोड दिने।

५६ जि.वि.स.ले सञ्चालन गर्ने विभिन्न कार्यक्रममा सकारात्मक सोचका साथ यूवा वर्गको समेत सहभागिता रहने गरी कार्यक्रम सञ्चालन गरिने छ।

५७ प्यूठान जिल्लालाई सन् २०१७ सम्ममा घर भित्र धुवा रहित चुल्होको प्रयोग गरिने प्रतिबद्धता अनुरूप सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरी कार्यक्रमलाई निरन्तरता दिने ।

५८ सरकारी तथा गैर सरकारी निकायले यस जिल्ला तथा गाविस तहमा लघु उद्यम तथा आय आर्जन सम्वन्धी कार्यक्रम सञ्चालन गर्दा जिल्ला उद्यम विकास रणनैतिक योजना र गाऊँ उद्यम विकास रणनैतिक योजनामा उल्लेख भएका कार्यक्रमलाई प्राथमिकता दिँदै कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

५९ स्थानीय सञ्चारको माध्यम एफ.एम.हरूको क्षमता अभिवृद्धि गरी स्थानीय सूचना तथा समाचारलाई प्रचार प्रसार तथा सूचना दिने कार्यलाई प्राथमिकता दिइ सर्वसाधारणको समेत सूचनाको पहुचमा अभिवृद्धि गर्ने ।

६० वस्ती/वडा स्तरमा योजना छनौट गर्दा वजेट सिमा, मार्गदर्शन, निर्देशन तथा स्थानीय प्राथमिकतालाई समेत आधार मानी योजना तथा कार्यक्रम छनौट गरिने कार्यलाई थप प्रभावकारी गराउँन सरोकारवाला सवै पक्ष प्रतिवद्ध हुनु पर्ने ।

६१ गाऊँ, वस्ती, वडामा अनावश्यक रूपमा वाटो खन्ने कार्यलाई निरूत्साही गरी निर्माण गरिएको वाटोमा सवारी साधनको सञ्चालन गरी यातायातको सेवा लिने कार्यलाई प्राथमिकता दिनुपर्ने।

६२ विकास निर्माण कार्यमा सरकारी, गैर सरकारी, विकासका साझेदारी निकाय, निजि क्षेत्र समेतको सकृय सहभागितामा कार्यक्रम सञ्चालन गर्ने नीतिलाई अवलम्वन गर्नुपर्ने ।

६३ बातावरणमा महत्वपूर्ण भूमिका रहने एक गाउँ एक पोखरीको अवधारणालाई विवरण एकिन गरी अनिवार्य रूपमा कार्यान्वयन गर्ने ।

६४ नगरपालिका तथा गा.वि.स.मा एकिन गर्नुपर्ने खुला क्षेत्रको अवधारणालाई अनिवार्य पहिचान गर्ने ।

६५ नीजि क्षेत्रसँगको समन्वय र सहकार्यमा गरिने कार्यलाई अझ प्रभावकारी र शसक्त तवरले अगाडी वढाउने ।

६६ जिल्लाका विभिन्न धार्मिक एवं पर्यटकिय क्षेत्रको पहिचान गरी सरोकारवालाहरू सँगको समन्वय एवं सहकार्यमा जिल्लालाई पर्यटकिय क्षेत्रको रूपमा विकास गर्ने कार्यलाई अगाडि बढाईने छ ।

६७ जिल्लाका विभिन्न खोला एवं नदिबाट गिट्टी, बालुवा, ढुंगा उत्खनन् एबं विक्रि वितरण गर्दा (IEE) प्रारम्भिक बातावरणिय प्रभाव मूल्यांकन एवं विशेषज्ञको प्रतिवेदनको आधारमा मात्र गरिने कार्यलाई कडाईका साथ लागु गरी वातावरण संरक्षण गर्ने तर्फ कदम चालिनेछ ।

६८ नदि नियन्त्रण गरी वगर खेति गरी उत्पादन गर्ने तर्फ सम्वन्धित निकायले कार्य दिने ।

६९ इलाका स्तरीय योजना तर्जुमा गोष्ठीवाट प्राथमिकीकरण भइ आएका पूर्वाधानजन्य योजनाहरूको प्राथमिकिकरणका आधारमा प्रारभिंक सर्भेक्षण गरी योजना छनौट गरी अनुमानित लागत तयार गर्ने ।

७० झिमरूक नदिको धेरै फाँटहरूमा व्यवसायीक रूपमा खेति गर्न आवश्यक देखिएकोले सरोकारवाला सवै निकाय आ-आफ्नो क्षेत्रवाट कार्यक्रम तयार गरी लाग्नु पर्ने ।

७१ स्थानीय निकाय, विषयगत कार्यालय, गैर सरकारी संस्था, विकासका साझेदार निकायले विकास लागि आएको वजेट कार्यक्रम सञ्चालन पूर्व सार्वजनिक गर्नु पर्ने ।

७२ क्षेत्रगत रूपमा प्राविधिक जनशक्तिवाट अध्ययन अनुसन्धान गरी व्यवसायीक रूपमा उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्ने ।

७३ कार्यक्रम तथा वजेट विनियोजन गर्ने सवै सरोकारवाला निकायले दुर्गम क्षेत्रलाई समेत प्राथमिकता दिइ कार्यक्रम तयार गर्नु पर्ने ।

**योजना प्राथमिकता निर्धारणका आधारहरू र योजना छनौट विधिहरू**

**योजना छनौटका आधारहरू ः**

**आयोजना छनौट गर्दा निम्न विवरणहरू संकलन गरी सोको आधारमा प्राथमिकता निर्धारण गर्ने ।**

१. आयोजनाका लक्षहरू
२. आयोजनाबाट फाइदा पाउने जनताको संख्या र फाइदाको किसिम
३. छनौट गर्न लागिएको योजना नया वा क्रमागत ।
४. आयोजना सम्पन्न गर्न लाग्ने खर्च तथा सामाग्रीको मूल्य तथा लाग्ने समय
५. उपभोक्ताबाट प्राप्त हुने सम्म नगद बस्तुगत श्रम र अन्य योगदान
६. उपभोक्ता समितिबाट गरिने मर्मत संभार खर्च र संचालन ब्यबस्थापन
७. बाताबरण संरक्षण तथा सम्बर्द्धन गर्ने ।
८. बढी भन्दा बढी स्थानीय बासीन्दाको सहभागिता र श्रम प्राप्त हुने
९. प्रति इकाई लागत
१०. लाभान्वित घरधुरी तथा जनसंख्या
११. लाभान्वित वर्ग (विशेष गरि पछाडी परेका वा पारिएका समुदाय तथा वर्गहरू)
१२. कार्य सम्पन्न अवधि तथा लाग्ने समय
१३. लागत सहभागिता (समुदाय तथा सरोकारवालासँगको साझेदारी)
१४. कार्यान्वयन विधि तथा प्रक्रिया
१५. प्रतिफल (शीघ्र, उत्पादनमूलक, सेवामूलक तथा दीगो)
१६. आयमूलक तथा रोजगारमूलक
१७. स्थानीय स्रोत साधन र सीपको प्रयोग
१८. सर्वसाधरण जनतालाई तत्काल फाईदा पुग्ने तथा रोजगार प्रबर्द्धन हुने आयमूलक कार्यक्रम
१९. कृषि उत्पादन बृद्धि गर्न सघाउ पुग्ने कार्यक्रमहरू
२०. स्थानीय साधन, शिप र क्षमताको परिचालनबाट संचालन हुन सक्ने कार्यक्रमहरू
२१. गरिव लक्षित गरी पिछडिएको तथा उत्पीडित जाती, जनजाती एवं महिला, बालबालिका, असक्त अपांग जस्ता नागरीकको लागि आयमूलक तथा शीपमूलक कार्यक्रमहरू

**आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण तथा छनौट विधि**

**योजना प्राथमिकता निर्धारणका आधारहरू**

१. तत्काल फाईदा हुने
२. रोजगारी प्रबर्द्धन हुने
३. आयमुलक
४. कृषि उत्पादनमा बृद्धी गर्ने
५. स्थानीय सीप, साधन र क्षमता प्रयोग हुने
६. वातावरणीय संरक्षणमा सघाउन पुग्ने
७. पिछडिएका समुदायलाई फाईदा पुग्ने

**योजना छनौट विधिहरू**

१. भार प्रणाली

२. कोष्ठ तालिका

३. जोडा स्तरीकरण

**क) भार प्रणाली**

**आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र छनौट विधिः**

१. माग भइ आएका आयोजनाहरूलाई विषय क्षेत्र अनुसार छुट्टाएर विस्तृत सूची तयार

२. प्राथमिकता निर्धारण आधार तथा सूचकहरू निर्धारण

३. भार प्रणाली कोष्ठ तालिकामा प्रस्तुत

४. कोष्ठ तालिकामा आयोजना तथा कार्यक्रमले प्राप्त गरेको भारको आधारमा विषय क्षेत्र अनुसार आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण

**भार प्रणाली अनुसार प्राथमिकता निर्धारण सूचकहरू**

**प्राथमिकीकरण फारम**

| क्र. सं. | आयोजनाको नाम | आयोजना कार्यान्वयन हुने गाविस, नगर, वडा | प्राथमिकताका आधार | | | | | | | जम्मा प्राप्ताङ्क | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | (१) तत्काल फाइदा | (२) रोजगारी प्रबर्द्धन | (३) आय मूलक | (४) कृषि उत्पादनमा बृद्धि | (५) स्थानीय सीप, साधन र क्षमता प्रयोग | (६)वातावरणीय संरक्षण एवं जलवायु परिवर्तन अनुकूलन मा सघाउने | (७) पछाडि पारिएका समुदायलाई पुग्ने फाइदा | | |
| | | | | | | | | | | | |

**सूचकहरु :**

(१) तत्काल फाइदा

तत्काल फाइदा पुग्ने -१०　　बिस्तारै फाइदा पुग्ने -५

(२) रोजगारी प्रबर्द्धन

आयोजना संचालन र सम्पन्न भएपछि पनि रोजगार सृजना हुने -१०,

संचालनको बेलामा मात्र सृजना हुने -५　　बिस्तारै सृजना हुन सक्ने -१

(३) आयमूलक

आयआर्जनमा प्रत्यक्ष र धेरै योगदान गर्ने -१०

आयआर्जनमा अप्रत्यक्ष योगदान गर्ने -५

आयआर्जनमा कुनै योगदान नगर्ने -१

(४) कृषि उत्पादनमा बृद्धि

कृषि उत्पादनमा प्रत्यक्ष र धेरै योगदान गर्ने -१०

कृषि उत्पादनमा अप्रत्यक्ष योगदान गर्ने -५

कृषि उत्पादनमा कुनै योगदान नगर्ने -१

(५) स्थानीय सीप, साधन र क्षमता प्रयोग

स्थानीय सीप, साधन र क्षमताको अत्याधिक प्रयोग हुने -१०

स्थानीय सीप, साधन र क्षमताको केही प्रयोग हुने -५

स्थानीय सीप, साधन र क्षमताको प्रयोग नहुने -१

(६) वातावरणीय संरक्षणमा सघाउन

वातावरण संरक्षण एवं जलवायु परिवर्तन अनुकुलमा धेरै र तत्काल सघाउने -१०
वातावरण संरक्षण एवं जलवायु परिवर्तन अनुकुलमा थोरै सघाउने -५
वातावरण संरक्षण एवं जलवायु परिवर्तन अनुकुलमा कुनै सघाउ नपुग्ने -१

(७) पिछडिएका समुदायलाई पुग्ने फाइदा

पिछडिएका जाति,जनजाति,महिला,वालवालिकाहरुको आयआर्जनमा धेरै र तुरुन्त सहयोग पुग्ने-१०
पिछडिएका जाति,जनजाति,महिला, वालवालिकाहरुको आयआर्जनमा केही प्रत्यक्ष सहयोग पुग्ने -५
पिछडिएका जाति, जनजाति, महिला, वालवालिकाहरुको आयआर्जनमा अप्रत्यक्ष सहयोग पुग्ने -१

**ख)** ***कोष्ठ तालिका***

**आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र छनौट विधिः**

- **आयोजना तथा कार्यक्रमको सूचीलाई विषय क्षेत्र अनुसारको सूची तयार**
- **आयोजना तथा कार्यक्रमले प्राथमिकता निर्धारणका आधारहरू पुरा गरेको तथा नगरेको चिन्ह प्रदान**
- **धेरैमा ठिक चिन्ह लागेको आयोजना तथा कार्यक्रम अनुसार प्राथमिकता निर्धारण**

**आयोजना तथा कार्यक्रमको प्राथकिकता निर्धारण र छनौट विधिः कोष्ठ तालिका**

| प्राथमिकता निर्धारणका आधारहरू | योजना तथा कार्यक्रमको नाम | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आयोजना १ | आयोजना २ | आयोजना ३ | आयोजना४ | आयोजना ५ | आयोजना ६ | आयोजना ७ | आयोजना ८ | आयोजना ९ | आयोजना १० |
| उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | ✓ | | ✓ |
| आम्दानी तथा रोजगार वृद्धि गर्ने | ✓ | | ✓ | | ✓ | | | ✓ | | ✓ |
| कम लागत र बढी सहभागिता जुट्न सक्ने | ✓ | ✓ | | ✓ | | ✓ | | ✓ | | |
| लक्षित वर्ग तथा समुदायलाई प्रत्यक्ष फाइदा पुग्ने | | | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| क्रमागत एवं अधुरा रहेका, थोरै रकममा मर्मत सम्भार गरी र पुनः सञ्चालनमा ल्याउन सकिने | ✓ | | | ✓ | | | | ✓ | | |
| बढी स्थानीय सीप, साधन, प्रविधि सञ्चालन, लैङ्गिक समानता, वातावरण मैत्री, श्रममूलक र लागत सहभागिता तथा जन सहभागिता हुने | ✓ | ✓ | | ✓ | | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| चेतना अभिवृद्धि, सामाजिक परिचालन, संस्थागत क्षमता वृद्धिहुने | | ✓ | ✓ | | ✓ | ✓ | ✓ | | ✓ | |
| उपभोक्ता समिति र सामुदायिक संस्थाहरुद्वारा नै सञ्चालन र मर्मत संभार गर्न सकिने | ✓ | ✓ | ✓ | ✓ | | | | ✓ | ✓ | ✓ |
| सामाजिक विकास (स्वास्थ्य शिक्षा,समाज कल्याण) सहयोग पुर्‍याउने | | ✓ | ✓ | ✓ | | | | ✓ | ✓ | ✓ |
| कृषि, वन, जडीबुटी उत्पादनमा बृद्धि सहयोग पुर्‍याउने | ✓ | | ✓ | ✓ | ✓ | | | ✓ | | |
| वातावरण संरक्षण, प्रकोप नियन्त्रण एवं व्यवस्थापन तथा नवीकरणीय उर्जा विकास सहयोगी हुने | ✓ | | | | | | | ✓ | | ✓ |
| जम्मा ठिक (☑) जम्मा (☒) | ८ | ६ | ७ | ९ | ५ | ४ | ३ | १० | ५ | ६ |
| प्राथमिकताक्रम | III | V | IV | II | VI | VI | VII | I | VI | V |

**ग) *जोडा स्तरीकरण***

**आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र छनौट विधिः**

१. विषयगत रूपमा आयोजना तथा कार्यक्रमको सूची तयार गर्ने ।

२. सूचीकृत आयोजनाहरू तालिकाको ठाडो र तेर्सो रूपमा दुबै तिर लेख्ने ।

३. ठाडो रूपमा राखिएका प्रत्येक आयोजनासँग तेर्सो रूपमा राखिएका प्रत्येक आयोजनाको तुलना गर्ने

४. प्रत्येक जोडा मध्ये जुन बढी आवश्यक र महत्वपूर्ण छ त्यही आयोजनाको नाम प्रत्येक कोष्ठमा लेख्ने

५. जुन आयोजना धेरै चोटी आउँछ, सोही अनुसार आयोजनालाई प्राथमिकतामा राख्ने ।

**आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र छनौट विधिः जोडा स्तरीकरण**

| आयोजनाहरू | आयोजना १ | आयोजना २ | आयोजना ३ | आयोजना ४ | आयोजना ५ | आयोजना ६ |
|---|---|---|---|---|---|---|
| आयोजना १ | | आयोजना १ | आयोजना १ | आयोजना १ | आयोजना १ | आयोजना १ |
| आयोजना २ | | | आयोजना २ | आयोजना २ | आयोजना २ | आयोजना २ |
| आयोजना ३ | | | | आयोजना ३ | आयोजना ३ | आयोजना ३ |
| आयोजना ४ | | | | | आयोजना ४ | आयोजना ४ |
| आयोजना ५ | | | | | | आयोजना ५ |
| आयोजना ६ | | | | | | |
| जम्मा | ५ | ४ | ३ | २ | १ | ० |

**सहभागीतामुलक योजना तर्जुमा कार्यतालिका**

**क) गाउँ परिषद मिति २०७२ पौष मसान्त भित्र सम्पन्न गर्ने ।**

**ख) ईलाकास्तरिय योजना तर्जुमा बैठकहरू**

- ईलाका नं. ५, ६ र ७ मिति २०७२ माघ ११, १२, १३ गते
- ईलाका न. २, ३, र ४ मिति २०७२ माघ ११, १२, १३ गते
- ईलाका न. १, १० र ११ मिति २०७२ माघ ११, १२, १३ गते
- ईलाका न. ८ र ९ मिति २०७२ माघ ११, १२ गते

**ख) बिषयगत योजना तर्जुमा समिति बैठकहरू**

- कृषि वन तथा बातावरण समिति वैठक २०७२ माघ २७ गते
- पूर्वाधार विकास समिति बैठक २०७२ माघ २८ गते
- जनसंख्या तथा सामाजिक समिति वैठक २०७२ माघ २९ गते
- जलश्रोत तथा भुमी समितिको बैठक २०७२ फाल्गुण २ गते
- एकीकृत योजना तर्जुमा समिति वैठकः २०७२ फाल्गुन ११ गते
- जिल्ला परिषद २०७२ फाल्गुण १६ गते

**गाविस/नपाले इलाकास्तरीय योजना तर्जुमा बैठकमा पेश गर्ने फारम**

गाविस/नपाले इलाकास्तरीय योजना तर्जुमा बैठकमा पेश गर्ने फारम

| क्र.सं. | बिषयगत क्षेत्र | आयोजना/कार्यक्रमका नाम | प्राथमिकताक्रम | आयोजना स्थल गाविस/नपा वडा | योजनाको किसिम नयां/पुरानो/निर्माणाधिन | लाभान्वित घरधुरी | | | | | | लैंगिक रुपमा लाभान्वित | अनुमानित लगानी र प्रस्तावित श्रोत | | | | | | कैपियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | दलित | जनजाति | मधेसी | मुस्लिम | अन्य | जम्मा | महिलामात्र/पुरुषमात्र/दुवै | जिविस | गाविस/नपा | बिषयगतनकाय | केन्द्रसरकार | अन्य खुलाउनु | कूल जम्मा | |
| | | | | | | | | | | | | | | | | | | | |

पेश गर्ने

हस्ताक्षर
नाम
पद
मिति

**जि.वि.स. प्यूठानको आ.व. २०७३।०७४ को अनुमानित श्रोत**

| सि नं. | कार्यक्रम शिर्षक | चालु वजेट | पुजिगत वजेट | जम्मा वजेट |
|---|---|---|---|---|
| १ | जि.बि.स. अनुदान | २,८५,९२,००० | १,७७,२०,००० | ४,६३,१२,००० |
| २ | गा.वि.स. अनुदान | १,८४,१३,००० | ८,२१,८६,००० | १०,०५,९९,००० |
| ३ | आदिवासी जनजाती | ३,००,००० | ० | ३,००,००० |
| ४ | उपेक्षित उत्पीडित दलित | ५,८०,००० | ० | ५,८०,००० |
| ५ | ग्रामीण खानेपानी तथा सरसफाई आयोजना | ३०,९०,००० | ६०,००,००० | ९०,९०,००० |
| ६ | ग्रामिण सामुदायिक पूर्वाधार विकास कार्यक्रम | २,०२,००० | ८४,२५,००० | ८६,२७,००० |
| ७ | स्थानीय पु.वि. तथा साना सिंचाई | ० | ३,५०,००,००० | ३,५०,००,००० |
| ८ | झोलुंगेपुल क्षेत्रगत कार्यक्रम | ० | १,१६,४२,००० | १,१६,४२,००० |
| ९ | स्थानीय यातायात पू. क्षेगत कार्यक्रम | ० | ८५,००,००० | ८५,००,००० |
| १० | पश्चिम नेपाल ग्रा.खा.पा. तथा स.स. परियोजना | १,४०,००,००० | ३,००,००,००० | ४,४०,००,००० |
| ११ | स्थानीय सडक/पुल | ० | २,३५,००,००० | २,३५,००,००० |
| १२ | सामुदायिक सिंचाई योजना | ४,५६८,०००.०० | ५,७२,५०,००० | ६,१८,१८,००० |
| १३ | द्वन्द्व प्रभावित क्षेत्र बिशेष कार्यक्रम | ० | ० | ० |
| १४ | सामाजिक सुरक्षा कार्यक्रम | १५,३३,००,००० | | १५,३३,००,००० |
| १५ | जि.वि.स. कोष आन्तरिक | २७,५०,००० | ५९,६२,००० | ८७,१२,००० |
| १६ | निर्वाचन क्षेत्र बि. कार्यक्रम | | ३,७५,००,००० | ३,७५,००,००० |
| १७ | यू.एन.एफ.पि.ए. | | ७०,००,००० | ७०,००,००० |
| १८ | लघु उद्यम | ० | ३०,००,००० | ३०,००,००० |
| १९ | अन्य/पर्यटन | ० | ७७,००,००० | ७७,००,००० |

| | | | | |
|---|---|---|---|---|
| २० | **उर्जा तथा बातावरण ईकाई** | ० | २०,००,००० | २०,००,००० |
| २१ | **राष्टिय ग्रामिण सडक सुढिढिकरण कार्यक्रम** | १७,२५,००० | ६,००,००,००० | ६,१७,२५,००० |
| २३ | **स्थानीय शासन तथा शामुदायिक विकास** | २,५०,४०,००० | 0 | २,५०,४०,००० |
| २४ | **स्थानीय निकाय वीत्तीय आयोग** | ३,६३,००० | | ३,६३,००० |
| २५ | **संस्कृति प्रवद्धन कार्यक्रम** | ६४,००,०००. | | ६४,००,०००. |
| २६ | **राष्ट्रिय युवा परिचालन** | ६,६५,०००. | | ६,६५,०००. |
| २७ | **गरिवसँग विशेस्वरकार्यक्रम** | १६,००,००० | | १६,००,००० |
| | **जम्मा** | १०,१२,२३,००० | ३५,७८,८५,००० | ४५,९१,०८,००० |

**आन्तिरक श्रोत तर्फ अनुमानित आय.२,७८,५५,२००/-**

| क.स | आयको **शिर्षकहरू** | आय |
|---|---|---|
| १ | **राजश्व बाँडफाँड** | |
| | रजिष्ट्रेशन दस्तुर | ६६,००,००० |
| | विद्युत रोयल्टी | ८५,०००००० |
| | वन क्षेत्रको आय | १५०,०००। |
| २ | **आन्तरिक आय** | ० |
| | इातायात | ५००,०००। |
| | पूर्वाधार उपयोग कर | ५,००,०००। |
| | निकासी कोईला | ६०,०००। |
| | ढुगा गिट्टी | ३५००,०००। |
| | सेवा शुल्क | १२०००० |
| | दस्तुतर | ३५००००। |
| | विक्रि | १५००००। |
| | दण्ड जरिवाना | १५०,०००। |
| | विविध आय | ६,००,०००। |
| | स्क्याभेटर | १०,००,०००। |
| | **जम्मा** | २,३०,२००००/ |

आ.व. २०७३/०७४ का लागि निक्षपित कार्यक्रममा निम्न अनुसारको वजेट सिमा रहेको निर्धरण गरियो ।

| **सि.नं.** | **कार्यालयको नाम** | **चालु** | **पुजिगत** | **जम्मा** |
|---|---|---|---|---|
| १ | कृषि प्रसार कार्यक्रम | २,४२,५३,५०० | १९,६६,५०० | २,६२,२०,००० |
| २ | पशु सेवा प्रसार कार्यक्रम | १,८९,२४,२८५ | ६५,५५,००० | २,५४,७९,२८५ |
| ३ | प्रथामिक शिक्षा प्रसार कार्यक्रम | ३६,०५,२८,९५८ | ० | ३६०५२८९५८ |
| ४ | जिल्ला कृषि विकास कार्यलयको अन्य कार्यक्रम | ६,५३,६६,००० | ४७,७२,५०० | ७,०१,३८,५०० |
| ५ | जिल्ला पशु सेवाकार्यलयको अन्य कार्यक्रम | ४३,९४,१५० | ११,५०,००० | ५५,४४,१५० |
| | **जम्मा** | ४७,३४,६६,८९३ | १,४४,४४,००० | ४८,७९,१०,८९३ |

**निर्णय नं २ :**

आगामी आ.व २०७३।०७४ को लागि योजना तथा कार्यक्रमको निम्न बमोजिमको बजेट सिलिङ तथा मार्गदर्शन गा.वि.स तथा नगरपालीकामा पठाउने निर्णय गरियो ।

निम्न

| सि.नं. | कार्यालयको नाम | बार्षिक विनियोजन रु. | |
|---|---|---|---|
| | | पुजिगत | चालु |
| १ | **गा.वि.स अनुदान** | ८,२१,८६,००० | १,८४,१३,००० |
| २ | **नगरपालीका** | ३,७८,१५,००० | ६०,९०,००० |
| जम्मा | | ११,५९,८७,००० | २,८१,३०,००० |

**निर्णय नं. ३**

**प्यूठान जिल्लामा तत्कालिन रहेका ४२ गाविसहरूको गत वर्ष मापन गरिएको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनमा ३० गाविसहरू** MCPM **मा सफल भएको र जिविस प्यूठानको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनमा ६६ अंक प्राप्त भएको विषयमा जानकारी गराइयो ।**

**निर्णय नं. ४**

**यस बैठकवाट तय गरिएको वजेट सिलिङ, मार्गदर्शन, योजना प्राथमिकीकरण, विधि तथा नीतिहरू र योजना प्रस्ताव फारमहरूलाई विषयगत कार्यालय, गै.स.स., गा.वि.स.,न.पा., विकासका साझेदार निकाय, राजनैतिक दल, पत्रकार, पत्रिका, स्थानीय एफ.एम., नीजिक्षेत्र सरोकारवाला सवै पक्षलाई उपलब्ध गराई सार्वजनिक गर्न जि.वि.स.लाई सिफारिस गर्ने निर्णय गरियो ।**